# अर्थ सवाल
*Artha Sawal Weekly* साप्ताहिक

वर्ष ८, अंक १७, २०८० मंसिर ७ गते बिहीबार (23 November 2023 Thursday) मूल्य रू. १०/-


## कुमारी बैंकको सीईओमा खनाल



काठमाडौं । कुमारी बैंकको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा रामचन्द्र खनाल नियुक्त भएका छन् । शुक्रबार बसेको बैंकको सञ्चालक समितिको बैठकले खनाललाई सीईओमा नियुक्त गर्ने निर्णय गरेको हो । एनसीसी र कुमारी बैंक मर्ज हुनुअघि खनाल कुमारी बैंककै सीईओ थिए । मर्जपछि बनेको कुमारी बैंकको सीईओ भने रमेशराज अर्याल बनेका थिए । अर्याललले पदबाट राजीनामा दिएपछि कुमारी बैंकले खनाललाई सीईओमा नियुक्त गरेको हो । चार्टर्ट एकाउन्टेन्ट खनालले एनआईसी एसिया क्यापिटलको सीईओको रूपमा पनि जिम्मेवारी निर्वाह गरिसकेका छन् ।

### अर्थतन्त्रले समातेको ‘लय’ कहिले देख्न पाइन्छ

## कर्जाको भारी बिसाउने टेकोको खोजी




यादव देवकोटा/अर्थ सवाल साप्ताहिक

काठमाडौं । मुलुकको आर्थिक अवस्थाका सूचकहरु सकारात्मक, नकारात्मक हुँदै केही उत्साह, केही निराशाकाबीच अन्योलता कायम नै छ । सरकारले अर्थतन्त्र सुधारका लागि भनेर निजी क्षेत्रसंग सुझाव संकलन गरेको छ । त्यस्तो सुझावहरुले अर्थतन्त्रको गति कता मोड्ला त्यो भविष्यमा देखिने नै छ । तापनि प्राप्त सुझावहरुका आधारमा नीति निर्माण गर्ने एउटा पक्ष रहेको छ तापनि उद्योगी-व्यापारीहरुको मात्रै सुझावले मुलुकको अर्थतन्त्र सुधारिन्छ भनेर पत्याउने आधार भने विगतको गतिविधिले दिएको छैन ।

अर्थतन्त्रले लय समातिरहेको, अब निराश हुनुपर्ने अवस्था छैन भनेर जति नै भन्ने गरिए पनि वास्तविकता त्यस्तो छैन । हो, विगतको तुलनामा केही आधारहरु बनेका छन् । जस्तो कि पर्यटकको संख्या बढ्नु, वैदेशिक रोजगारीमा जाने बढ्नु, विप्रेषण आशातीत आप्रवाह हुनुले केही सकारात्मक सन्देश दिएको छ र यसले आयात धान्न समस्या नहोला । तर, उत्पादन वृद्धि, रोजगारी सिर्जना र महंगी नियन्त्रणको महत्वपूर्ण र

बाँकी पृष्ठ ७

## प्रेस युनियनद्वारा विभिन्न विभाग गठन

नेपाल प्रेस युनियन

काठमाडौं । नेपाल प्रेस युनियनले १५ वटा विभाग गठन गरेको छ । प्रेस युनियनका अध्यक्ष शिव लम्सालले युनियनका पदाधिकारीलाई १५ विभागमा संयोजकको जिम्मेवारी तोकेका हुन् ।

प्रेस युनियनको विधान २०४८ (छैटौं संशोधन- २०७९) परिच्छेद ४, धारा २८ बमोजिम नेपाल प्रेस युनियनका १५ वटा विभिन्न विभागहरू गठन गरिएको हो । प्रेस युनियनका वरिष्ठ उपाध्यक्ष प्रेम के.सी.ले अनुशासन विभागको जिम्मेवारी पाएका छन् । त्यसैगरी उपाध्यक्षहरु नकुल अर्यालले प्रशिक्षण विभागको जिम्मेवारी पाएका छन् । अर्का उपाध्यक्ष भीष्मराज ओझाले समन्वय, दिपेन्द्र बान्तवाले प्रकाशन तथा प्रचार, सलोजा दाहालले महिला, जीवन भण्डारीले विधागत पत्रकारिता प्रवर्द्धन, माधव अर्यालले आचारसंहिता कार्यान्वयन विभाग संयोजकको जिम्मेवारी पाएका छन् ।

त्यसैगरी उपाध्यक्ष ऋषिकान्त पौडेललाई

बाँकी पृष्ठ ७







## अर्थ सवाल साप्ताहिकका लागि:

सल्लाहकार सम्पादक : यादव देवकोटा
Advisor Editor : Yadab Devkota
सम्पादक/प्रकाशक : रमेश कुमार बोहोरा (९८५१०८४३५२)
Editor/Publisher : Ramesh Kumar Bohora
कार्यकारी सम्पादक : अशोक शिवाकोटी (९८४१८००६३३)
Executive Editor : Ashok Shiwakoti
सह-सम्पादक : योगेन्द्र चौलागाईं (९८४१२६३३०२)
Sub-Editor : Yogendra Chaulagain
व्यवस्थापक : राजेन्द्र थापामगर
Manager : Rajendra Thapa Magar
कानूनी सल्लाहकार : अधिवक्ता विष्णु गिरी (९८५१०२५२३१)
संवाददाता : अंकध्वज मोते, पवित्रा बजगाई, निता कुईंकेल
प्रेस : सप्तर्षि पब्लिकेशन प्रा.लि., चावहिल

कार्यालय :
काठमाडौं. महानगरपालिका वडा नं. २९ अनामनगर, काठमाडौं
E-mail : arthasawalweekly@gmail.com


## सम्पादकीय

# कहिलेसम्म अस्तव्यस्त र दिशाहीनता

मुलुक अस्तव्यस्त र दिशाहीनताको स्थितिमा छ । आर्थिक अवस्था गम्भीर संकटको खाँडलबाट कहिले उठ्ने हो भन्ने चिन्ता मत्थर हुन सकेको छैन । केही सकारात्मक संकेतका साथ दीर्घकालीन निराशाहरू पनि बढिनैरहेका छन् । आयात चुलिंदा निर्यात झन् खुम्चिरहेको छ । राजश्व संकलनले प्रशासन चलाउन पुगेको छैन । ऋण बढेको छ । सरकारले अर्थतन्त्रलाई सुधार गर्ने कुनै नीतिगत निर्णय गर्न सकेको छैन । मुलुकको अर्थतन्त्रमाथि पकड जमाएर बसेका निजी क्षेत्रसंगको सहकार्यलाई सरकारले कागजी दस्तावेजमै सीमित गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श जस्ता अग्रणी उद्योगी-व्यावसायिक संगठनहरूका सुझावहरू ग्रहण गर्ने कार्यान्वयनमा नलैजाने प्रवृत्तिले देश हरपल कमजोर बन्दै गएको छ । यस वर्ष दशैं, तिहार तथा छठ पर्वले पनि बजारलाई विगतको जस्तो चलायमान बनाउन सकेन । दशैंपछि अर्थतन्त्र सुधारको बाटोमा लाग्छ भनेर आश गरेर बसेकाहरू आशैआशमा सीमित रहेका छन् ।

मुलुक गम्भीर राजनीतिक संकटमा फस्दै गएको छ । आजैबाट आन्दोलनका सुरूवात भएको छ । व्यवस्था बिरोधी र सरकार बिरोधी आन्दोलन एकैदिनबाट सुरू हुँदा अराजकता फैलने चरम सम्भावनालाई नजरअन्दाज गर्न सकिने अवस्था छैन । शान्ति सुरक्षा, जनताको जीउधनको रक्षा, चलायमान अर्थतन्त्र, गतिशील विकास निर्माणका अपेक्षा धुमिल हुँदै जाँदा जनतामा उत्पन्न आक्रोशलाई एक पक्षले त्यसलाई उपयोग गर्ने रणनीति लिएको छ । अर्कातिर एकले अर्कालाई खुच्चिङ भन्दै रमिते बन्ने प्रवृत्ति पनि कायमै छ । मुलुकको सर्वपक्षीय हितका लागि न्यूनतम सहमतिको वातावरण समेत बन्न सकेको छैन । राजनीतिक द्वन्द्व गराएर आफ्नो शक्ति जोगाउने र बढाउने गलत नियतले प्रेरित राजनीतिक नेतृत्वले देश र जनताको गम्भीर अवस्थाप्रति कुनै चासो दिंदैनन् भन्ने दृष्टान्त जाजरकोट र रूकुमपश्चिमका भूकम्प पीडितको अहिलेको अवस्थाले नै देखाएको छ ।

देशलाई उन्नतिको शिखरमा लैजाने मौखिक प्रतिबद्धता गरेकाहरू अहिले पनि सोही रटान हाल्न छाडदैनन् तर जनताको जीवनस्तरमा आइरहेको ह्रासोन्मूख अवस्थाप्रति कुनै चिन्ता छैन । अरू त अरू भूकम्प पीडित जनता चिसोका कारण मृत्युवरण गरिरहँदा पनि तत्काल प्रभावकारी बन्दोबस्त गर्न सरकार उत्सुक छैन । कागजी प्रक्रिया र कागजी योजना सुनाएरै जनतालाई भ्रममा पार्ने मेसो बाहेक मुलुकमा केही देखिएको छैन ।

देशको आर्थिक अवस्था यति नाजुक बन्दै गएको छ कि यसलाई तत्काल सुधार गर्ने बटोमा नगए कुनै पनि बेला असफल राष्ट्रको श्रेणीमा पुग्न बेर छैन । कम्तिमा अहिले आएर सरकारले यो सत्यलाई स्वीकारेको छ । आर्थिक संकट टार्न निजी क्षेत्रसंग सुझाव संकलनको क्रम चलेको छ । यो सुखद् सुरूवात हो, तर प्राप्त सुझाव केही व्यक्ति वा परिवारको हितमा मात्र केन्द्रित हुन्छ कि विकट गाउँका जनताको पनि हितमा काम गरिन्छ भन्ने हेर्न बाँकी नै छ । तैपनि अस्तव्यस्त र दिशाहीनताको स्थितिबाट माथी उठ्ने प्रयास गरेकोमा सरकारलाई धन्यवाद दिनैपर्छ र यसपटक इमान्दार भएर काम गर्ने जाँगर पैदा होस् भन्ने हाम्रो अभिमत छ ।

# मुख्य कारण राजनीति, समस्या अर्थतन्त्रमा



डा. केशव देवकोटा

बर्तमान सरकार ठूलो आर्थिक जञ्जालमा फसेको देखिएको छ । अधिकांश योजनाहरु अलपत्र रहेका छन् । केन्द्र सरकारले प्रदेशहरुलाई दिनुपर्ने रकमको दायित्व बढ्दो छ । निर्माण ब्यवसायीहरुले यसअघि गरेको कामको पूर्णरुपमा भूक्तानी पाउन सकेका छैनन् । प्रधानमन्त्रि र मन्त्रिलगायतका सरकारी अधिकारीहरुको विदेश भ्रमण डरलाग्दो ढंगले बढिरहेको छ । आन्तरिक र विदेशी ऋण बढेर २४ खर्ब नाघ्नलागेको छ । चालु आबको तीन महिनाभित्रै सरकारले नेपाल राष्ट्रबैंकमार्फत करिव ९५ अर्ब आन्तरिक ऋण उठाएको आंकडा बाहिर आएको छ । वैदेशिक ऋण र सहयोग जुटाउन चालु आबको चार महिनाको अवधीमा अर्थमन्त्रिले छपटक विदेश भ्रमण गरिसकेको अवस्था छ । विदेशी ऋण कति लिइयोभन्ने आँकडा बाहिर नआएपनि बर्तमान सरकारले अपेक्षा गरेअनुसारको विदेशी ऋण र सहयोग जुट्न नसकेका कुराहरु सार्बजनिक भैरहेका छन् । यस्तो अवस्थामा प्रधानमन्त्रि पुष्पकमल दाहालले मातहतका बिभिन्न मन्त्रालय, बिभाग र कार्यालयका कर्मचारीलाई राखेर बैठकगर्ने र उच्चस्तरीय आयोग बनाउने चाहना ब्यक्त गर्नुभएको छ ।

तर त्यसमा पनि प्रधानमन्त्रि र अर्थमन्त्रिकै बीचमा सहमति हुननसकेका कुराहरु बाहिर आएका छन् । खासमा नेपालमा पछिल्लो समयमा देखिएको आर्थिक संकटको जरो राजनीतिसँग जोडिएको छ । राजनीतिक समस्याको समाधान नगरेसम्म नेपालको आर्थिक संकट टार्नसकिने स्पष्ट छ । त्यो राजनीतिक समस्या भनेको पहिलो संघीय शासन हो । संघीय शासन बचाउनका लागिमात्र राष्ट्रले प्रतिमहिना एकअर्ब थप खर्च गर्नुपरेको अवस्था छ । देशको कूल बजेटको करिव ६० प्रतिशत रकम प्रदेशहरुमा कनिका छर्ने काम भैरहेको छ । नेपालमा संघीय शासनको थालनी भएयता प्रतिबर्ष करिव १२ अर्बका दरले खर्च बढ्दै गएको तथ्यांकहरुले देखाएका छन् । त्यसैले तत्काल आर्थिक सम्मेलन नभएर राजनीतिक सम्मेलनको आवश्यकता छ । जसले संघीयता, जातीय समाबेशी र समानुपातिक निर्वाचन प्रणालीको टुंगो लगाउन सकोस ।

०६३ को राजनीतिक परिवर्तन ठीक ढंगले नभएको र संविधानसभाले प्रक्रियाअनुसार बिभिन्न बिषयलाई टुंग्याउन नसकेका कारण हालसम्म पनि राजावादी, जनगणतन्त्रवादी र बर्तमान सत्तावादीहरुका बीचमा त्रिपक्षीय खिचातानी चलिरहेका छन् । त्यसैले संसदमा प्रतिनिधित्व रहेका र नरहेका बिभिन्न पार्टी र शक्तिहरुको बृहत् गोलमेच सम्मेलन गराएर नेपालको राजनीतिलाई कसरी ब्यवस्थापनगर्ने भन्ने कुराहरु टुंग्याउनु जरुरी छ । दोश्रो राजनीतिक समस्या भनेको बर्तमान सरकार हो ।

०७९ मंसिर चारको निर्वाचनको जनादेश बिपरित सरकार गठन गरिएका कारण यो सरकार रहेसम्म देशमा राजनीतिक स्थायित्व र आर्थिक संकटको समाधान हुँदैन । उक्त निर्वाचनको जनादेश भनेको नेकां र एमालेको सरकार एबं माओवादी केन्द्र प्रमुख प्रतिपक्षमा रहनेभन्ने हो । निर्वाचनको जनादेशअनुसार सरकार गठन गरिएको भए यतिबेला देश राजनीतिक र आर्थिक स्थायित्वको बाटोमा अगाडि बढिसकेको हुने थियो । अनेक षडयन्त्र गरेर माओवादी केन्द्रका अध्यक्ष दाहाल देशको कार्यकारी प्रमुख प्रधानमन्त्रिको पदमा पुगेपनि उहाँलाई राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रले पूर्णरुपमा आत्मसातगर्न सकिरहेको छैन । यो सरकार जति दिन देशमा रहन्छ, त्यतिनै देशको अवन्नति हुने र अस्थिरता बढ्ने त छँदै छ । जनादेश बिपरित सरकार गठन गरिएका कारण माओवादी केन्द्र पार्टी र स्वयं प्रधानमन्त्रि दाहालको समेत शाख गिर्ने/गिराउने काम भएको छ । त्यसैले मुटुमाथि ढुंगाराखेर भएपनि प्रम दाहालले जतिसक्दो चाँडो प्रधानमन्त्रि पद त्यागगर्नु राम्रो हुन्छ । त्यो निर्णय देशका साथै उहाँकोसमेत ब्यक्तिगत हितमा हुने छ । तेश्रो राजनीतिक समस्या भनेको नेपालमा बढ्दो विदेशी हस्तक्षेप हो । नेपालमा विदेशी हस्तक्षेप गराउने पहिलो पार्टी नेपाली कांग्रेस र उसका अभिन्न सहयोगी एमाले र माओवादी केन्द्र हुन् । तर नेपालमा भारत र अमेरिकाले सहजै शासन गर्नसक्ने अवस्था छैन । हालको अवस्थामा नेपालमा नेकां, एमाले र माओवादी केन्द्रको बुईचढेर शासनगर्न सकिने देखिँदैन । किनकी उक्त तीनवटै पार्टीमा अवसरवाद हाबि छ । त्यसैले पहिले उपरोक्त तीनवटा कुरामा केन्द्रित रहेर राजनीतिक समस्याको समाधान गरेपछि आर्थिकलगायतका अन्य समस्याहरुको क्रमशः समाधानहुँदै जान्छ । उपरोक्त कुरा तितो सत्य हो ।

ढिलो चाँडो सबैले स्वीकार गर्नैपर्दछ । अर्को कुनै उपाय छैन । देशको शिथिल अवस्थामा पुगेको अर्थतन्त्रलाई चलायमान बनाउन बर्तमान सरकारले जुन छलफल थालेको छ, त्यो धेरै राम्रो कुरा हो । मुलुकका बाह्यसूचक बलिया भएरमात्र पनि केही पनि हुनेवाला छैन । वित्तीय प्रणालीमा पर्याप्त तरलता भएपनि चलायमान हुनसकेको छैन । ब्याजदर घट्दोक्रममा रहेपनि ऋण लिनेहरुको संख्या बढ्न सकेको छैन । उद्योग ब्यवसाय सखाब बनाइएका कारण बैंकहरुमा ऋणकोमात्रा बढ्न नसकेको हो । उपरोक्त कारणलेनै आन्तरिक आर्थिक गतिविधि बढ्न नसकेको स्पष्ट छ । त्यसैले नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन पहिले राजनीतिमा रहेका अवरोधहरुलाई हटाउनु पर्दछ । त्यो अवरोध हटाउने काम बर्तमान प्रधानमन्त्रिको तत्काल राजीनामाबाट शुरुगर्नु राम्रो हुन्छ । माओवादी केन्द्र प्रमुख प्रतिपक्षी दलमा रहेर ठूला पार्टीहरुलाई खबरदारीगर्ने होभने उसको अवस्था आगामी ०८४ सालको निर्वाचनमा धेरै सुदृढ भएको हुने छ । सरकारले गत मंगलबार सिंहदरबारमा निजी क्षेत्रसँग छलफल गरेको छ ।

समग्र अर्थतन्त्रलाई थप चलायमान बनाउन सुझाव, सल्लाहसहित थप केगर्न सकिन्छभन्ने विषयमा सरकारले निजी क्षेत्रसँग छलफलगर्नु राम्रो कुरा हो । नेपालको निजी क्षेत्र सरकारसँग मिलेर कामगर्न तयार रहेको कुरा उद्योगी तथा ब्यवसायीहरुले यसअघिदेखि नै बताउँदै पनि आएका छन् । देशको वर्तमान अर्थतन्त्रबारे गत सोमबार पनि प्रधानमन्त्री निवास बालुवाटारमा छलफल भएको थियो । उपरोक्त दुबै बैठकमा देशको अर्थतन्त्रलाई सखाव बनाउने 'बिरालाको मुखमा कस्ले घण्टी बाध्ने' भन्ने कुराहरु उठेका थिए । सरकारले आयोजना गरेका पछिल्ला बैठकहरुमा राष्ट्र बैंक, अर्थ मन्त्रालय, योजना आयोगलगायत बिभिन्न मन्त्रालयका प्रतिनिधिको उपस्थिति रहने गरेको छ । छलफलमा प्रधानमन्त्रीको निर्देशनअनुसार अर्थमन्त्रीले देशको वर्तमान अर्थतन्त्रबारे ब्याख्या बिश्लेषणगर्ने गर्नुभएको छ । तर त्यो सरकार नियन्त्रित ब्याख्या र बिश्लेषणलेमात्र न त समस्याको जरो पत्तालगाउन सक्छ । न त्यसले समाधानका उपायहरु नै पहिचानगर्न सक्छ । सरकारले यदि देशको राजनीति र अर्थतन्त्रका समस्याहरुको पहिचानगर्ने होभने उसले बिपक्षी दलहरुको खरो टिप्पणी सुन्नैपर्छ । कतिपय अवस्थामा सरकारी आयोजनामा जनताका सरोकारका विषयलाई कसरी सम्बोधनगर्न सकिन्छभन्ने विषयमा अन्तर्क्रिया पनि हुनेगरेका छन् । यसअघि भएका कतिपय कार्यक्रममा निजी क्षेत्रले अर्थतन्त्रका समस्या समाधानका लागि प्रधानमन्त्री अध्यक्ष रहनेगरी उच्चस्तरीय सुधार आयोग वा अन्य कुनै संयन्त्र गठन गर्नुपर्ने प्रस्ताव गरेको भनिएको थियो ।

त्यो प्रधानमन्त्रिप्रतिको निजी क्षेत्रको ब्यंग्यात्मक प्रस्ताव हो । बर्तमान प्रधानमन्त्रि दाहालका कारण नेपालको राजनीति अस्तब्यस्त भएको र सोही अस्तब्यस्तताले अर्थतन्त्रलाई संकटमा पुऱ्याएका कारण अब उहाँलेनै सुधार्नुपर्छ भन्ने कुरा उठाइएको हुनसक्छ । तर प्रकृतिको नियम छ-जसले बिगार्न जानेको हुन्छ, उसले सुधार्न जानेको हुँदैन । त्यसैले पनि बर्तमान प्रधानमन्त्रिले पदबाट राजीनामा गरेको खण्डमा देशको राजनीति र अर्थतन्त्र दुबैमा सुधार हुनसक्छ । तर अर्थतन्त्र सुधारको लागिभन्दै प्रधानमन्त्रिले आफ्नै नेतृत्वमा उच्चस्तरीय आयोग बनाउने तयारी गरेको देखिएको छ । जुन कुरा अर्थमन्त्रालयको जिम्मेवारीमा रहेको नेपाली कांग्रेसलाईसमेत स्वीकार्य नहुन सक्छ ।

गत असोज २५ गते नेपाल उद्योग वाणिज्य महासंघले आयोजनामा भएको राष्ट्रिय आर्थिक बहस कार्यक्रममानै प्रधानमन्त्रिले अर्थतन्त्र सुधारका लागि सरकारले उच्चस्तरीय आयोग गठन तयारी गरेको खुलासा गर्नुभएको भनिएको थियो । त्यसैले प्रधानमन्त्रिलाई अर्थमन्त्रिको कार्यभार पनि लिने लहड चलेको सहजै अनुमानगर्न सकिन्छ । 'प्रधानमन्त्रि दाहालले जुन कुरा छोयो त्यही बिग्रने' परंपरा रहेकाले उहाँले अर्थतन्त्र सुधार्ने बहानामा नेपालको अर्थतन्त्रलाई थप बिगार्ने जिम्मेवारी लिनु राम्रो हुँदैन । प्रम दाहालले हात हालेको जनयुद्ध असफल भयो । उहाँले हस्ताक्षर गरेको ०६३ को शान्ति प्रक्रिया असफल भयो । उहाँले रचना गरेको संघीय शासन असफल भएर अब देश फेरी आमूल राजनीतिक परिवर्तनको चौबाटोमा पुगेको छ । उहाँ तेश्रो पटक प्रधानमन्त्रि हुनासाथ देश आर्थिकरुपमा टाट पल्टिएको छ । राजनीतिक कलह बढ्दो छ । नेपालका विदेशी दातृ निकायहरु हच्किएका छन् । त्यसैले उहाँले अब नयाँ नयाँ रहर गरिरहनुको कुनै अर्थ छैन । माओवादी केन्द्र, उहाँ स्वयं र समग्र देश र जनताको हितका लागि उहाँले जतिसक्दो चाँडो पदबाट राजीनामा गरेर ०७९ मंसिर चारको जनादेशअनुसारको सरकार गठन गर्न/गराउन मार्गप्रसस्त गर्नुपर्छ । त्यहीनै सबै समस्याहरुको समाधानको एकमात्र उपाय हो ।

# राष्ट्रियता सबैको साझा सरोकार

**नेपालको राष्ट्रिय एकतालाई कमजोर पारेर यहाँको प्राकृतिक स्रोत- साधन र पानी हत्याउने भारतीय रणनीति छ भने अमेरिकाले नेपाललाई चीनतिर ढल्किन नदिने र सैन्य अखडा बनाएर चीनलाई घेर्ने भू-राजनीतिक रणनीति अन्तर्गत जातीय र धार्मिक द्वन्द्व सिर्जना गर्न कार्य त भइरहेको छैन ।**



बिष्णु गिरी 'निश्चल'

नेपालमा पछिल्लो समय साम्प्रदायिक हिस्सा बढ्ने खतरा बढ्दै गएको छ । एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपालको संविधान प्रभावकारी रुपमा कार्यन्वयन गर्नुपर्ने बताउँदै राष्ट्रिय एकतालाई खल्बल्याउने खालका कुरा सकारात्मक हुन नसक्ने बताएका छन् । उनले जनताबीचको एकता कमजोर गर्ने कुनै पनि गतिविधि स्वीकार्य नहुने बताएसँगै मुलुक कतातिर गइरहेको छ भन्ने सहजै अनुमान लगाउन सकिन्छ । राजनीतिक परिवर्तन र संविधानबाट प्राप्त उपलब्धिलाई समाप्त पार्न छिटपुटरूपमा प्रयास भइरहेको भन्दै त्यसप्रति सजग बन्नुपर्ने अवस्थाको सृजना भएको छ ।

देशमा पछिल्लो समय विभाजनकारी प्रवृति ल्याएर जनतामा फाटो पुऱ्याउने र राष्ट्रिय एकतामा खलल ल्याउन खोजिएको जस्ता गतिविधिहरु देखिएका छन् यसको पछिल्लो उदाहरणको रुपमा दुर्गा प्रसाईको अभियान र युवा संघको शक्ति प्रर्दशनलाई लिन सकिन्छ । कुनै पनि धर्म वा वादका भन्दा राष्ट्रियताका ठूलो विषयवस्तु हो तर यसतर्फ कसैको ध्यान जान सकेको छैन । मानिसले राजनीति, परिवार, धर्म र दार्शनिक सिद्धान्त बदल्न सक्छ, राष्ट्रियता बदल्न सक्दैन । राष्ट्रियता भावना र यथार्थ दुवै हो । यो हाम्रो पहिचान हो, स्वाभिमान हो र गौरव हो । यसलाई जोगाईराख्नु हामी सबै नेपालीको दायित्व हो । राष्ट्रियता दल वा भेगविशेषको पेवा नभई सबै दल, वर्ग, भेगको साझा सरोकार हो । राष्ट्रियताको मर्म त्यसलाई बढी थाहा हुन्छ जसले आफ्नो दैनिक जीवनमा त्यसलाई अनुभूति गरेको हुन्छ ।

आखिर बेलाबेलामा जातीय र धार्मिक उन्माद नेपालको सन्दर्भमा किन हुन्छ सदियौदेखि मिलेर बसेको समाजलाई किन बिथोल्न खोजिँदैछ । नेपालका राजनीतिक दलले जातीय विभेद र छुवाछूतविरुद्ध जति नै चर्का भाषण गरे पनि पार्टीभित्र नै जात व्यवस्थालाई जोगाइराखेका छन् । जातको आधारमा विभेद र छुवाछुत गर्ने, मान्छेलाई जातकै आधारमा सानो र ठूलो बनाउने विषय धर्ममा उल्लेख भएको पाइँदैन । भलै हिन्दु धर्मअनुसार दलित समुदायको मान्छे बाहुन समुदायको हुन सक्दैन तथापि छुवाछूतजन्य व्यवहार भने धर्मले गर्नु भनेको छैन । तर पनि हिन्दु धर्मको आडमा विभेदलाई मलजल गर्नेहरू पनि छँदैछन् । नेपाली समाजमा अभ्यास भइरहेको जात व्यवस्था र त्यसबाट निम्तिने विभेद र छुवाछूत प्रथालाई जरैदेखि उखेल्ने ओखतीको खोजी गरेको पचाउन नसक्नेहरूको आक्रोश सामाजिक सञ्जालमा देख्न सकिन्छ । जातको प्रश्नले सामाजिक सद्भाव खल्बल्याउने काम गरेको, नेपालमा मानव जाति मात्र छ । २०७२ असोज ३ मा नयाँ संविधान जारी भएपछि ७ सय ५३ वटा स्थानीय तहमा निर्वाचित भएका जनप्रतिनिधिहरूले विगत ६ वर्षमा सडक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानीपछि मठमन्दिर, गुम्बा, चैत्य, मस्जिदहरूको संरक्षणमा उच्च प्राथमिकता दिएर काम गरेको पाइन्छ । नेपाल धर्म निरपेक्ष राष्ट्र भएपछि नै महत्वपूर्ण धार्मिक स्थलहरूको संरक्षण, मर्मत सम्भार र जिर्णोद्वार भएका छन् । अझ तराई मधेसमा त प्रायः सबै मठमन्दिरहरूको संरक्षण, पुनर्निर्माणको ठूलो जनलहर नै आएको छ । मान्छेहरूमा आफ्ना ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक स्थलहरूको संरक्षण, सम्वर्द्धन, जिर्णोद्वार गर्नुपर्छ भन्ने भावनाको पनि विकास भएको पाइन्छ ।

धर्म निरपेक्षता भएपछि नै यो देशका नागरिकहरूलाई मठमन्दिर, गुम्बा, चैत्य, मस्जिद, चर्च जान कसैले रोकेको वा रोक लगाएका छैनन् । आफूले मान्दै आएको धर्म, आफ्नो आस्था र विश्वासको धर्म मान्न पाएकै छन् । त्यहाँ पुजापाठ, दर्शन, प्रार्थना, ध्यान, योग गर्न गइरहेकै छन् तर धार्मिक द्वन्द्व निम्त्याउने, जातीय र धार्मिक सद्भाव भड्काउने कार्य जोकोहीले पनि गर्नु हुँदैन ।

नेपालको राष्ट्रिय एकतालाई कमजोर पारेर यहाँको प्राकृतिक स्रोतसाधन र पानी हत्याउने भारतीय रणनीति छ भने अमेरिकाले नेपाललाई चीनतिर ढल्किन नदिने र सैन्य अखडा बनाएर चीनलाई घेर्ने भू-राजनीतिक रणनीति अन्तर्गत जातीय र धार्मिक द्वन्द्व सिर्जना गर्न कार्य त भईरहेको छैन । सरकारले जातीय र धार्मिक सद्भाव खल्वलाउने, द्वन्द्व सिर्जना गरी राष्ट्रिय एकता कमजोर बनाउन खोज्ने साम्प्रदायिक तत्वहरूका गतिविधि नियन्त्रण गरिनुपर्छ । आपसमा मिलेर बसेका जातजाति र धर्म सम्प्रदायलाई भड्काउने काम कसैले गर्नु हुँदैन, कसैले गर्ने प्रयास गरे सरकारले नियन्त्रण गर्नुपर्छ । नेपालको पहिचानै बनेको सामाजिक सद्भाव नखल्बलियोस् भनेर सबै पक्ष जिम्मेबार बन्नुपर्ने अहिलेको आवश्यकता बनेको छ ।

*(लेखक : अधिवक्ता हुन् ।)*

# समृद्धि भनेको त अराजकता विस्तार पो रहेछ



✍ गोविन्द अधिकारी

आज मंसिर ७ गते मेडिकल व्यवसायी दुर्गा प्रसाईंले आव्हान गरेको आन्दोलन राजधानी काठमाडौंमा हुँदैछ । सोही आन्दोलनको प्रतिकार गर्न प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको भातृ संगठन राष्ट्रिय युवा संघले पनि जुलुस प्रदर्शन गर्दैछ । प्रसाईंको आन्दोलनलाई प्रमुख प्रतिपक्षी दल एमाले र त्यसको भातृ संगठनले अराजकताको संज्ञा दिएका छन् तर लोकतन्त्रमा संविधानको धारा (१७) को उपधारा (२) ले दिएको विचार र अभिव्यक्ति स्वतन्त्रताको हकविरुद्ध प्रसाईंकै अभिव्यक्तिलाई अराजक मान्दै कालोमोसो दल्ने काम त्यही राष्ट्रिय युवा संघले नै केही समय अगाडि गरेको थियो । त्यस्तै संविधानको धारा (१७) को उपधारा (२) को 'ख' ले बिनाहातहतियार शान्तिपूर्वक भेला हुन पाउने अधिकार पनि प्रदान गरेको छ । प्रसाईंको विरोध प्रदर्शनमा हतियार प्रयोग गर्ने पनि भनिएको छैन । त्यसो भए संविधान प्रदत्त अधिकार प्रयोग गरेर गरिने आन्दोलन कसरी अराजक भयो प्रश्न गर्न मिल्छ कि मिल्दैन ?

त्यतिमात्र होईन प्रसाईको आन्दोलनको प्रतिकारमा राष्ट्रिय युवा संघ उत्रिँदा कसैगरी भिडन्तको अवस्था आयो र कोही हताहत भए भनें त्यो अवस्था अराजक होला कि नहोला ? सत्तामा बसेर वा प्रमुख प्रतिपक्षी दलको हैसियतमा कानून र सैविधानविरोधि गतिविधि गर्न पाउने कि नपाउने ? भन्ने प्रश्न उठाउन पाउने कि नपाउने ? सर्वोच्च अदालतको फैसला र आदेशको अवज्ञा गरेर हत्याराहरुलाई आममाफी दिने कार्य अराजक र संविधानविपरीत हो कि होइन ? तसर्थ प्रमुख प्रतिपक्ष दल नेकपा एमाले र त्यसको भातृ संगठन राष्ट्रिय युवा संघको प्रतिकार र प्रतिवादमा उत्रिने धृष्टता पनि अराजक नै हो । त्यतिमात्र होईन प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले नै महिनौं संसद अवरोध गरेर संसद चल्न नदिएका उदाहरणहरु पनि छन् । संसदीय अवरोधकै कारण प्रस्तुत १२ वटा विधेयक अनिर्णयको बन्दी बनिरहेका छन् । त्यसो भए संसद नै चल्न नदिने गतिविधि अराजक हो कि होइन ? यदि दुर्गा प्रसाईंको अभिव्यक्ति र आन्दोलन अराजक हो भने एमाले र यसको भ्रातृ संगठनका यस्ता गतिविधिहरु पनि अराजक नै हुन भनेर ठोकुवा गर्न सकिन्छ ।

एमाले र सत्ता गठबन्धनका कतिपय राजनीतिक दलका नेताहरु संविधानविरोधी गतिविधि गर्न पाईदैन भनेर उफ्रिरहेका छन् । २०४६ साल वा २०६२/०६३ सालको कथित जनआन्दोलन भाग २ पनि त संविधानको उल्लंघन गरेरै भएका थिए । कुनै पनि आन्दोलनले संविधान र ऐन कानुन शिरोपर गर्दैनन् । संविधान र ऐन कानुन मानेर आन्दोलन नै हुँदैन त्यसमा पनि दुर्गा प्रसाईको आन्दोलनको लक्ष्य नै विद्यमान प्रणाली र संविधानको अन्त्य गराउने नै छ । जुन संविधान र प्रणालीको अन्त्य गर्नुपर्छ भन्ने माग गरेर आन्दोलन आव्हान गरिएको छ त्यही आन्दोलन पक्कै पनि अराजक हुने नै भयो । हर परिवर्तन अराजक गतिविधिबाटै सम्भव भएका छन् त्यसैले दुर्गा प्रसाईंको आन्दोलनलाई पनि अराजक भन्न मिल्दैन ।

सत्तामा बसेर वा प्रतिपक्षी दलमा बसेर ललिता निवास जग्गा हिनामिना काण्ड, नक्कली भूटानी शरणर्थी काण्ड र टनका टन सुन तस्करी काण्ड गरेर भ्रष्टाचार जन्य काम कारवाही गर्नु चैं अराजक हो कि होइन ? त्यस्तै संविधानले सबै नागरिक समान छन् भनेको छ । अनेक संविधान विरोधि काण्ड गरेर भ्रष्टाचार गर्ने कोही जेलको चीसो छिंडीमा कोचिने र कसैलाई उन्मुक्ति दिने कार्य चाहीं अराजक हो कि होइन ? यो देशमा दूईवटा फरक फरक संविधान त पक्कै पनि छैन । तर, शक्तिमा रहेका र शक्तिको उन्माद चढेकाहरु यस्तै अपव्याख्या गरिरहेका छन ।

संविधानले प्रत्येक नागरिकलाई सार्वभौम भनेको छ । तिनै सार्वभौम नागरिकहरु एमसिसिको विरोधमा र नागरिकता विधयेकको विरोधमा सडकमा उत्रिएर प्रदर्शन गरिरहेकै थिए । त्यस्तो विरोधको अवाज्ञा गरेर वा सार्वभौम नागरिकको असहमतिका बाबजुद पनि त्यस्ता निर्णयहरु भएका छन् । त्यसो भए सत्तासीन र प्रमुख प्रतिपक्षी दलहरुले पनि अराजक काम गरिरहेका छन् भन्न मिल्छ कि मिल्दैन ?

केपी शर्मा ओलीलाई दुर्गा प्रसाईंले आरोप-प्रत्यारोप लगाएर गालीगलौज गरे भनेर राष्ट्रिय युवा संघलाई ज्यादै चित्त दुखेछ । ज्ञानेन्द्र शाह यतिबेला राजा छैनन् तर पनि राष्ट्राध्यक्षको भूमिकामा त छँदैछन् । झलनाथ खनाल, माधवकुमार नेपाल र केपी शर्मा ओलीले नै पूर्व राष्ट्राध्यक्ष ज्ञानेन्द्र शाहलाई अपमानित हुनेगरी जेजस्ता शब्द प्रयोग गर्ने गर्छन् त्यसले राजा ज्ञानेन्द्र र उनका समर्थकको चित्त दुखेको छ कि छैन होला ? आफुले मान खोज्दा अरुको मान राख्नुपर्छ कि पर्दैन ? त्यतिमात्र होइन काम बेइज्जतीपूर्ण गर्ने र मान खोज्ने कस्तो प्रवृति हो, कसैलाई तपाई भनोस् नभनोस् आफैं 'मपाई' भन्ने रबैया र आदत शोभनीय हुँदै होईन ।

कदम कदाचित दुर्गा प्रसाईंले आन्दोलन गरेर अराजक काम गरे भनेर प्रतिकार गर्न युवा संघ नारी निमोठ्दै आउँदा भीडन्त भयो भनें त्यसले थय अराजक अवस्था निम्त्याउला कि ननिम्त्याउला ? ओलीले समेत आन्दोलनको प्रतिवाद गर्ने चुनौती दिइसकेका छन् । यसको मतलब ओलीबाट प्रोत्साहित भएर नै युवा संघ वितण्डा मच्चाउन कम्मर कसेर लागेको छ । महेश बस्नेतलाई रिस उठ्छ र तथानाम बोल्दै चुनौती दिन्छन् भने दुर्गा प्रसाईंलाई पनि चित्त दुख्छ होला । अरु कसैको व्यक्तित्वमा हिलो छ्याप्दा आफूलाई समेत छिटा पर्छ भन्ने कुरा राष्ट्रिय युवा संघ र ओलीले विचार पुऱ्याउनुपर्छ ।

भन्न त केपी शर्मा ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली' बनाउने मात्र भनेका थिएनन् । भ्रष्टाचारमा शून्य सहनशीलताको प्रतिवद्धतासमेत जनाएका थिए तर भ्रष्टाचारीको उन्मुक्तिका लागि सक्रिय पनि उनै भए । समृद्ध नेपाल भनेको के रहेछ भनेको त अराजकताको समृद्धि ल्याउने पो भनेका रहेछन् ।

## ज्योति विकास बैंकको कामु सीईओमा कपिल ढकाल



काठमाडौं । ज्योति विकास बैंकको कायममुकायम प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी कपिल ढकालले पाएका छन् । बैंकको आइतबार बसेको सञ्चालक समितिको बैठकले प्रमुख कार्यकारी अधिकृत (सीईओ) श्रीचन्द्र भट्टले दिएको राजीनामा स्वीकृत गर्दै कामु सीईओको जिम्मेवारी ढकाललाई दिने निर्णय गरेको हो । ढकाललाई मंसिर ४ गतेदेखि लागू हुनेगरी कामु सीईओ नियुक्त गरिएको छ । उनी बैंकको नायब प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारीमा थिए ।

यसअघि ढकाल हाम्रो विकास बैंकको प्रमुख कार्यकारी अधिकृत (सीईओ) थिए । हाम्रो विकास बैंक ज्योति विकास बैंकमा मर्ज भएको थियो । ढकालले बैंकिङ क्षेत्रको उच्च व्यवस्थापन तहमा १५ वर्षभन्दा बढीको अनुभव हासिल गरेका छन् । प्रोफेसनल चार्टर्ड एकाउन्टेन्ट ढकालसँग डिलोइट इन्डिया, आईसीआईसीआई बैंक इन्डिया र एनआईसी एसिया बैंकको सहायक प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्य गरेको अनुभव छ । साथै, उनले एनआईसी एसिया क्यापिटल लिमिटेड तथा एनआईसी एसिया लघुवित्त वित्तीय संस्थामा समेत अध्यक्षको रूपमा काम गरिसकेका छन् ।

## मिर्मिरे लघुवित्तको कामु सीइओमा बोहरा



काठमाडौं । मिर्मिरे लघुवित्त वित्तीय संस्थाले कायम मुकायम प्रमुख कार्यकारी अधिकृतमा मिन बहादुर बोहरालाई नियुक्त गरेको छ । कम्पनीको मंसिर ३ गते बसेको संचालक समितिको बैठकले नायब कार्यकारी प्रमुख बोहरालाई कामु सीइओको जिम्मेवारी दिएको हो । बोहरा लघुवित्त बैंकर्स संघका निवर्तमान कार्यबाहक अध्यक्ष समेत हुन् ।

## खबरहबको प्रधान सम्पादकमा बराल नियुक्त



काठमाडौं । पेभिलियन मिडिया प्रा.लिद्वारा सञ्चालित खबरहब डटकमको प्रधान सम्पादकमा पत्रकार अरुण बराल नियुक्त भएका छन् । पेभिलियन मिडिया व्यवस्थापनले बराललाई मंसिर १ गतेदेखि प्रधान सम्पादकमा नियुक्ति गरेको हो । खबरहबको प्रधान कार्यालय दरबारमार्गमा आयोजित स्वागत कार्यक्रममा बराललाई खबरहबका अध्यक्ष नरेश श्रेष्ठले स्वागत गरे ।

सम्पादक बराललाई स्वागत गर्दै खबरहबका अध्यक्ष श्रेष्ठले बरालको नेतृत्वमा खबरहब थप उचाइमा जाने विश्वास व्यक्त गरे । अध्यक्ष श्रेष्ठले पेभिलियन मिडियाले अहिलेको संकटलाई अवसरका रुपमा परिणत गर्न खोजेको भन्दै थप विविधीकरण गर्दै अन्य मिडियाहरू पनि थप्दै लैजाने जानकारी दिए ।

## कानुनी सल्लाहकारमा अधिवक्ता गिरी नियुक्त



काठमाडौं । काठमाडौंको चाबहिलद्वारा संचालित यतिपोस्ट मिडिया प्रा.लि.को कानुनी सल्लाहकारमा अधिवक्ता बिष्णु गिरि नियुक्त भएका छन् । गिरि केही वर्षदेखि कानुनी क्षेत्रमा सकृय रुपमा काम गरिरहेका छन् । उनी नेपाल पत्रकार महासंघ उपत्यका समितिका कार्यसमिति सदस्य तथा काठमाडौं शाखाका कानूनी सल्लाहाकार र अर्थ सवल साप्ताहि स्थापना कालदेखि नै नियमित स्तब्भकार तथा कानूनी सल्लाहाकार समेत रहेका छन् । गिरी राष्ट्रिय संगीतकर्मी संघ उपत्यका विशेष समितिका उपमहासचिव समेत रहेका छन्, । साथै वर्ल्ड पब्लिकेशन प्रा.लिद्वारा सञ्चालित द युनिभर्सल टाइम्स साप्ताहिका सम्पादक हुन ।


**नासौं गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मनाङ, गण्डकी प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**

**धवलागिरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**म्याग्दी, गण्डकी प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**

**जलजला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पर्वत, गण्डकी प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**

## नेपाल एसबिआई मर्चेन्टको आठौँ साधारणसभा



काठमाडौं । नेपाल एसबिआई मर्चेन्ट बैंकको आठौं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सभाले कम्पनीको आ.व. २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन, २०८० असार मसान्तको वासलात, आ.व. २०७९/८० को नाफानोक्सान हिसाबलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु पारित गरेको छ ।

सभाले रिक्त रहेको स्वतन्त्र संचालक पदमा नन्दन हरि शर्मालाई चार वर्षका लागि नियुक्त गरेको छ । सभाले आ.व. २०८०/८१ को कम्पनीको लेखापरीक्षण गर्नका लागि एपि एण्ड एशोसियट्स, चाटर्ड एकाउण्टेन्टलाई लेखापरीक्षकमा नियुक्ती एवं निजको पारिश्रमिक अनुमोदन गरेको पनि विज्ञप्तिमा उल्लेख छ ।

## भुकम्प पिडितलाई सिप्रदीको ५५ लाख सहयोग



काठमाडौं । सिप्रदीले जाजरकोट र रूकुम पश्चिमको भूकम्प प्रभावित परिवारलाई आधारभूत आवश्यकताका सामग्रीहरु राहतस्वरुप वितरण गरेको छ । सिप्रदीयन सहायता संस्था, टाटा ट्रष्ट भारत र सिप्रदी ट्रेडिङ प्रालिको संयुक्त प्रयासमा कार्तिक २६ मा जिल्ला प्रसासन कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति जाजरकोट र जिल्ला प्रशासन कार्यालय पश्चिम रुकुमअन्तर्गत आठबिसकोट नगरपालिका १३ र १४ वडा कार्यालयलाई ५५ लाख रुपैयाँ बराबरको राहत सामग्री प्रदान गरिएको हो ।

तिहारमा लक्ष्मी पुजाको दिन संस्थाको प्रतिनिधित्व गर्दै सिप्रदीका ७ जना कर्मचारीले जाजरकोट र पश्चिम रुकुममा राहत सामग्रीहरुको प्याकेज बनाएर सम्बन्धित कार्यालयहरूलाई हस्तान्तरण गरिएको थियो । संस्थाको अनुसार हस्तान्तरण गरेको सामाग्रीबाट झन्डै १ हजार २ सय घर परिवारका ४ हजार ८०० जना भूकम्पपीडितहरू प्रत्यक्ष लाभान्वित बनेका छन् । सिप्रदीयन सहायता संस्थाका वरिष्ठ उपाध्यक्ष शम्भु प्रसाद दाहालको अनुसार भूकम्पका कारण आफ्नो घर गुमाएका र बासको वैकल्पिक व्यवस्था नभएका पीडितहरूलाई सिप्रदीयन सहायता संस्था, टाटा ट्रष्ट भारत र सिप्रदी ट्रेडिङको संयुक्त प्रयासमा स्थानीय प्रशासनसँग समन्वय गर्दै राहत वितरण गरिएको हो । भविष्यमा पनि सिप्रदीयन सक्रिय रहेर निरन्तर रुपमा सहयोग पुर्‍याउने उनले बताए ।

## जुम्लामा कुमारी बैंक

काठमाडौं । कुमारी बैंक लिमिटेडले जुम्लामा शाखा विस्तार गरेको छ । जुम्लास्थित वडा नं. ६ चन्दननाथ नगरपालिकामा जुम्ला शाखा सोमबारदेखि सञ्चालनमा आएको हो । बैंकले उक्त क्षेत्रका व्यवसायी, उद्यमी तथा स्थानीयलाई सहज रुपमा बैंकिङ सेवा पुर्‍याउने उद्देश्यले उक्त शाखा विस्तार गरेको जनाएको छ । बैंकले आगामी दिनमा थप शाखाहरु विस्तार गरेर आधुनिक बैंकिङ सेवा पुर्‍याउने योजना बनाएको छ ।

विगत २२ वर्षदेखि निरन्तर बैंकिंग सेवा दिदै आएको बैंकले आफ्ना देशभर रहेका ३०९ शाखा सञ्जाल, ३१५ एटिएम, ४९ एक्सटेन्सन काउन्टर तथा ६४ शाखारहित बैंकिङ इकाइमार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको पनि जनाएको

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

छ । आगामी दिनमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने प्रतिबद्धता बैंकले जनाएको छ ।

## मुक्तिनाथ कृषि कम्पनीले सेयर निष्कासन गर्ने



काठमाडौं । कृषिमा लगानी र अनुसन्धान गर्न मुक्तिनाथ विकास बैंकको प्रमुख लगानीमा खडा भएको मुक्तिनाथ कृषि कम्पनीले मंसिर ८ बाट सेयर जारी गर्ने भएको छ । कम्पनीले सर्वसाधारणबाट १४ करोड रुपैयाँ उठाउँदैछ । जुन रकम मुख्यतया कम्पनीको निर्माणाधीन कृषि उद्योगमा उपयोग हुने छ ।

कम्पनीको जारी पुँजी ७० करोड रुपैयाँ छ । यसको २० प्रतिशत सेयर जारी गर्न लागेको हो । कम्पनीले कृषिमा आधारित सहकारीहरुसँग सहकार्य गरी ग्रामिण क्षेत्र र बजार क्षेत्रमार्फत् सेवा दिइरहेको छ । कम्पनीका प्रमुख ग्राहक पनि उनीहरु नै रहेका छन् । कम्पनीले २०२३ को पहिलो पाँच महिनामै ७ करोडको कारोबार गरिसेको छ । सन् २०२२ मा १९ करोड २० लाखको कारोबार गरेको थियो । त्यस अघिको वर्ष ९ करोड ८० लाखको कारोबार थियो । कम्पनीले अंकित मूल्य १०० रुपैयाँमै सेयर जारी गर्ने छ ।

## नेपाल एसबिआई बैंकको लाभांश घोषणा

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

काठमाडौं । नेपाल एसबिआई बैंकले आर्थिक वर्ष २०७९/८० को खुद मुनाफाबाट सेयरधनीलाई चुक्ता पुँजीको १०.५५ प्रतिशत लाभांश दिने घोषणा गरेको छ । गएको शुक्रबार बसेको बैंक सञ्चालक समितिको बैठकबाट हालको चुक्ता पुँजीको ३.७५ प्रतिशत बोनस सेयर र कर प्रयोजनसहित ६.८० प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरिएको हो । उक्त प्रस्ताव नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई बैंकको आउँदो वार्षिक साधारणसभाले पारित गरेपछि सेयरधनीले लाभांश प्राप्त गर्नेछन् । हाल कम्पनीको चुक्ता पुँजी १० अर्ब १२ करोड ६ लाख २८ हजार रुपैयाँ छ ।

## एनआईसीको अर्को 'म्युचुअल फण्ड' खुल्यो

काठमाडौं । एनआईसी एसिया बैंकको अर्को म्युचुअल फण्डको बिक्री खुला भएको छ । दोस्रो बजारमै अधिकांश म्युचुअल फण्डको मूल्य १० रुपैयाँभन्दा तल झरेको अवस्थामा 'एनआईसी एसिया ग्रोथ फण्ड २' नामक म्युचुअल फण्ड निस्कासन भएको छ । प्रतिइकाइ १० रुपैयाँका दरले न्यूनतम १०० इकाइका लागि अर्थात् १ हजार रुपैयाँ आवेदन दिन सकिन्छ । ८ करोड ५० लाख इकाइ सर्वसाधारण तथा संघसंस्थाका लागि सोमबारदेखि निस्कासन भएको छ । सीडीएससीको अनलाइन प्रणाली मेरोसेयरबाट यसमा आवेदन दिन सकिन्छ । म्युचुअल फण्डमा सर्वसाधारण लगानीकर्ताले छिटोमा मंसिर ७ गतेसम्म र ढिलोमा १८ गतेसम्म आवेदन दिन सक्ने छन् । इन्फोमेरिक्स क्रेडिट रेटिङ कम्पनीले यो योजनालाई 'ए माइनस' रेटिङ प्रदान गरेको छ । यसले योजनाको लगानीमा कम जोखिम रहेको जनाउँछ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## ग्रीन डेभलपमेण्ट बैंकको डेपुटी सिइओमा गुरुङ



पोखरा । गण्डकी प्रदेशको पोखरामा केन्द्रीय कार्यालय रहेको ग्रीन डेभलपमेण्ट बैंक लिमिटेडको नायव प्रमुख कार्यकारी अधिकृतमा प्रकाश गुरुङ नियुक्त भएका छन् । दुई दशकभन्दा लामो बैंक तथा वित्तीय क्षेत्रमा कार्य अनुभव रहेका गुरुङलाई सञ्चालक समितिको बैठकले नायव प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको हो ।

वित्तीय संस्थाहरुको दीर्घकालीन व्यावसायिक योजना, रणनीति तर्जुमा तथा कार्यान्वयनमा अत्यन्त कुशल तथा नेतृत्वदायी भूमिका निर्वाह गरी कुशल व्यवस्थापकका रूपमा स्थापित गुरुङ यसअघि साईन रेसुङ्गा डेभलपमेण्ट बैंकको नायव प्रमुख कार्यकारी अधिकृत तथा पोखरा फाइनान्सको सञ्चालकको भूमिकामा रही कार्य सम्पादन गरिसकेका छन् । नवनियुक्त नायव प्रमुख कार्यकारी अधिकृत गुरुङले बैंकको उच्च व्यवस्थापनमा आबद्ध भई कार्य गर्ने अवसर प्राप्त गरेकोमा खुसी व्यक्त गर्दै बैंकलाई थप सबल र सुदृढ बनाउन आफ्नो अहंम भूमिका रहने बताए ।

## ग्लोबल आईएमई बैंकले बोलायो साधारणसभा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

